# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः४ संख्याः१ प्रकाशन मितिः

भाग-१

म्याग्दे गाउँपालिका कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन-२०७८

प्रमाणिकरण मितिः२०७८/०६/३१

CamScanner

# म्याग्दे गाउँपालिका कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८

सभाबाट स्वीकृत मितिः २०७८।०६।२१

प्रमाणीकरण मिति :२०७८।०६।२१

**प्रस्तावना :** म्याग्दे गाउँपालिकामा कार्यरत कर्मचारीहरुको वृत्ति विकासलाई समयानुकुल व्यवस्था गर्न, कर्मचारीलाई सेवा प्रति समर्पित गराई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन एवं नेपालको संविधानले अंगिकार गरेको सुशासन प्रवर्धन गर्न, कर्मचारीहरुको उचित व्यवस्था गरी समयानुकुल परिवर्तन गर्न र स्थानीय शासन पद्धतिलाई सरल, सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामूखी बनाउने साथै स्थानीय सेवामा कार्यरत रहेका कर्मचारीहरुको समायोजन समेत गर्नु वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६, संविधानको अनुसूची ८ को देहाय ५ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ र १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी म्याग्दे गाउँपालिकाको ११ औ गाउँ सभाबाट यो ऐन बनाई जारी गरिएको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "म्याग्दे गाउँपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८" रहेको छ।

(२) यो ऐन म्याग्दे गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "गाउँपालिका" भन्नाले म्याग्दे गाउँपालिका सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले म्याग्दे गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले म्याग्दे गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) "कार्यपालिका सदस्य" भन्नाले म्याग्दे गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्छ।

(च) "कर्मचारी" भन्नाले गाउँपालिकामा कार्यरत सबै कर्मचारी सम्झनु पर्छ।

(छ) "स्थानीय कर्मचारी" भन्नाले म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत साविक स्थानीय निकायका ( जि.वि.स.,गा.वि.स, न.पा.) स्थाई कर्मचारीलाई जनाउने छ।

(ज) "समायोजन" भन्नाले प्रचलित नेपाल कानुन बमोजिम समायोजन गरिएको कार्य सम्झनु पर्छ।

(झ) "करार कर्मचारी भन्नाले" हाल सम्म गाउँपालिका कार्यालय, वडा कार्यलय र स्वास्थ्य संस्थामा सेवा करार मा कार्यरत कर्मचारी सम्झनु पर्छ।

## परिच्छेद २
## संगठन संरचना, समायोजन र पदपूर्ति सम्वन्धी व्यवस्था

३. **संगठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत गर्नेः** (१) गाउँपालिकाको संगठन संरचना तथा दरबन्दी तेरीज गाउँ सभाबाट स्वीकृत भय बमोजिम हुने छ।

४. **स्थानीय तहका कर्मचारीहरुको समायोजन सम्बन्धमाः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुनु अघि म्याग्दे गाउँपालिकामा कार्यरत स्थायी स्थानीय कर्मचारी र कर्मचारी समायोजन ऐन २०७५ लागु भएपछि साविक जिल्ला विकास समिति तनहुँ र गा.वि.स.हरु वाट समायोजन भई आएका स्थायी कर्मचारीहरुको हालको म्याग्दे गाउँपालिकामा समायोजन भएता पनि त्यस्ता कर्मचारीहरुको

समायोजन गरिएको विद्यमान अवस्थामा कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ (१) बमोजिम समायोजन प्रोत्साहन सुविधाको व्यवस्था गरिने छ।

(२) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेको कर्मचारीलाई एक पटकका लागि मात्र तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइने छ।

(३) उपदफा (२) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउँदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्य सम्पादन मूल्यांकन समेतलाई आधार बनाइने छ।

(४) उपदफा (१) बमोजिमको तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप गर्दा संघीय समायोजन ऐन २०७५ सँग नबाझिने गरी देहायको मापदण्डका आधारमा गर्नु पर्नेछ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| सहायक स्तर चौथो | ५ वर्ष स्थायी सेवा अवधि नभएको | सोही तहमा | २ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तह वृद्धि हुने |
| | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको र वढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता भएको | पाँचौं तहमा | - |
| | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको तर वढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| सहायक स्तर पाँचौं | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको र वढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको र वढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता भएको | अधिकृत स्तर छैटौं तहमा | - |
| | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि नभएको र वढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता भएको | - | २ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तह वृद्धि हुने |
| अधिकृत स्तर छैटौं | अधिकृत स्तर छैटौं तहमा ५ वर्ष स्थायी सेवा अवधि नभएको र वढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता भएको | - | २ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तह वृद्धि हुने |
| | अधिकृत स्तर छैटौं तहमा ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको र वढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |



CamScanner

५. **संगठन तथा कर्मचारी दरबन्दी :** (१) स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी म्याग्दे गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरे बमोजिम हुने छ ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम प्रोत्साहन सम्बन्धी व्यवस्था बमोजिम स्तर वृद्धि वा तह वृद्धि भएकाहरुको हकमा स्वतः दरबन्दी सृजना हुनेछ ।

(३) उपदफा (२) बमोजिम स्तर वृद्धि भएका कर्मचारीहरुको स्तर वृद्धि एक पटक मात्र हुने हुँदा त्यस्तो दरबन्दी पुल दरबन्दीमा रहने छ र त्यस्तो सुविधा लिने कर्मचारी सेवामा नरहेमा त्यस्तो दरबन्दी खारेज हुनेछ र स्तर वृद्धि भएका कारणले तल्लो पद रिक्त भएको मानिने छैन ।

६. **स्थानीय तहका कर्मचारीको समायोजनको आधारः** यस ऐन बमोजिम स्थानीय तहका कर्मचारीहरुको समायोजन पश्चात जेष्ठता कायम गर्दा देहायको आधारमा क्रमशः गरिनेछ :

(क) हालको पद वा तहमा सेवा गरेको ज्येष्ठता,

(ख) हालको पदभन्दा तल्लो पद वा तहमा सेवा गरेको ज्येष्ठता,

(ग) उमेरको जेष्ठता ।

७. **कर्मचारी हाजिर हुनु पर्ने एवं जिम्मेवारी दिनु पर्नेः** (१) यस ऐन बमोजिम समायोजन तथा स्थायी भएका कर्मचारीहरुले स्थायी वा समायोजन गरिएको पद वा तहमा कामकाज गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समायोजन हुँदाका बखत देहायको अवस्था रहेको कर्मचारीले देहायको अवधि समाप्त भएपछि समायोजन भएको पद वा तहमा हाजिर हुनु पर्नेछ :

(क) प्रसुति बिदा वा प्रसुति स्याहार बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ख) किरिया बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ग) निलम्बनमा रहेको कर्मचारीले त्यस्तो निलम्बन समाप्त भएको,

(घ) असाधारण वा अध्ययन बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ङ) बिरामी परी अस्पताल भर्ना भएको कर्मचारीले कार्यालयमा हाजिर भएपछि ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि उपनियम (२) बमोजिमको अवधि भित्र हाजिर नहुने कर्मचारीलाई प्रचलित कानुन बमोजिमको विभागीय सजायको आदेश दिन पाउने अधिकारीले विभागीय सजाएँ दिन सक्नेछ । तर यस्तो सजायँ दिनु पूर्व प्रचलित कानुन बमोजिम सफाई र स्पष्टीकरण पेश गर्न मनासिव मौका दिनु पर्नेछ । साथै यसरी अवकाश पाएमा नियमानुसार आवकाश पछि पाउने सुविधा भने पाउने छ ।

(४) यसरी समायोजन हुने कर्मचारीहरुलाई समायोजन भएको पत्र दिने तथा हाजिर गराई जिम्मेवारी दिने कार्य गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नु पर्नेछ ।

८. **पदपूर्ति समिति सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा गाउँ कार्यपालिकाले बढीमा ५ जनाको एक पदपूर्ति समितिको गठन गर्नेछ ।

(२) यस ऐन बमोजिमको बढुवा, ग्रेड वृद्धि एवं सेवा करारको पदपुर्ति निर्णय उपदफा (१) बमोजिमको समितिले गर्नेछ ।

(३) समितिले परीक्षाहरु सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न, विज्ञ तथा विशेषज्ञहरुको सेवा लिन वा गण्डकी प्रदेश लोकसेवा आयोगको सहयोग लिन सक्नेछ ।

(४) लिखित परीक्षा तथा अर्न्तवार्ता सञ्चालन गर्ने सम्बन्धी कार्य गण्डकी प्रदेश लोक सेवा आयोगले जारी गरेको मापदण्ड बमोजिम हुनेछ । प्रदेश लोक सेवा आयोगले मापदण्ड जारी नगरेसम्म संघीय लोक सेवा आयोगले जारी गरेको मापदण्ड बमोजिम गरिने छ ।



CamScanner

## परिच्छेद ३
## कर्मचारी सम्बन्धी नीति निर्धारण एवं मार्गदर्शन सम्बन्धी व्यवस्था

९. **कर्मचारीको व्यवस्थापन समिति**: (१) स्थानीय तहका स्थायी, करार, सेवा करार र ज्यालादारीमा काम गर्ने कर्मचारीहरुको विषयमा म्याग्दे गाउँपालिकालाई आवश्यक सुझाव दिन तथा आवश्यक नीति निर्धारण मा सहयोग पुर्‍याउन एक कर्मचारी व्यवस्थापन समिति रहने छ।

(२) कर्मचारी व्यवस्थापन समितिमा देहायका सदस्यहरु रहने छ :

अध्यक्ष : गाउँपालिकाको उपाध्यक्ष
सदस्य : प्रमुख प्रशासकीय अधिकृत
सदस्य : गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्य दुई जना
सदस्य : गाउँपालिका अध्यक्षले तोकेको विषयगत क्षेत्रका विज्ञ दुई जना
सदस्य सचिव : सामान्य प्रशासन तथा जनशक्ति शाखा प्रमुख

(३) समितिले आफ्नो बैठकमा गाउँपालिका अध्यक्ष तथा आवश्यकता अनुसार वडा अध्यक्ष र अन्य विशेषज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(४) कर्मचारी संघ संगठनको मागको विषयमा हुने छलफलमा वा कर्मचारीका प्रतिनिधिमूलक संस्थाहरुको उपस्थिति पनि आवश्यक हुने बैठकहरुमा यस्ता संघ संस्थाका प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिने छ।

(५) यस दफा बमोजिम बैठकमा आमन्त्रण गर्ने व्यक्तिको सूची समितिको अध्यक्षले तोके बमोजिम हुनेछ।

(६) समितिको बैठक गाउँ सभाको बजेट सत्रको सन्दर्भमा तथा अन्य समयमा आवश्यकता अनुसार बस्नेछ।

१०. **कर्मचारीको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** :

(१) दफा (९) बमोजिम गठित कर्मचारी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) म्याग्दे गाउँपालिकाको कर्मचारी प्रशासनसँग सम्बन्धित नीति निर्धारण गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने,
(ख) म्याग्दे गाउँपालिकाको संगठन संरचना पुनरावलोकनको लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने वा गराउने तथा गाउँपालिकामा सिफारिस गर्ने,
(ग) कार्यरत कर्मचारीको सुविधा एवं सेवाका शर्तहरु थप तथा हेरफेर गर्ने विषयमा गाउँपालिकालाई आवश्यक सुझाव दिने,
(घ) कर्मचारी कल्याणकारी कोषको व्यवस्थापनमा गाउँपालिकालाई सुझाव दिने,
(ङ) समितिको अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ४
## स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा

११. **स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा**: (१) स्थानीय सेवामा कार्यरत कर्मचारीले अवकाश हुँदा पाउने उपदान तथा अवकाश सुविधा यस दफा बमोजिम हुनेछ।

(२) स्थायी पदमा कार्यरत कर्मचारीहरुले अवकाश हुँदा वा राजिनामा गरी सेवाबाट अलग हुँदा पाउने उपदान सुविधा देहाय बमोजिम हुनेछ :

(क) ५ देखि १० वर्षसम्म सेवा अवधि पुरा भएमा प्रति वर्ष खाइपाई आएको आधा महिनाको तलब बराबरको दरले हुन आउने रकम।

(ख) १० देखि १५ वर्षसम्म सेवा अवधि पुरा भएमा प्रति वर्ष खाइपाई आएको एक महिनाको तलब बराबरको दरले हुन आउने रकम ।

(ग) १५ देखि २० वर्षसम्म सेवा अवधि पुरा भएमा प्रति वर्ष खाइपाई आएको डेढ महिनाको तलब बराबरको दरले हुन आउने रकम ।

(घ) २० देखि २५ वर्षसम्म सेवा अवधि पुरा भएमा प्रति वर्ष खाइपाई आएको दुई महिनाको तलब बराबरको दरले हुन आउने रकम ।

(ङ) २५ वर्षभन्दा बढी वर्षसम्म सेवा अवधि पुरा भएमा प्रति वर्ष खाइपाई आएको साढे दुई महिनाको तलव बराबरको दरले हुन आउने रकम ।

(३) स्थायी कर्मचारीहरुको अवकाश हुँदा वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपचार खर्च, बिरामी बिदा, घर बिदा लगायतका सुविधा संघीय निजामति सेवा ऐनलाई मार्ग दर्शक नीति मानी गणना गरिने छ ।

१२. **सेवा अवधि गणना सम्बन्धी व्यवस्था**: (१) देहायका कर्मचारीको वढुवा प्रयोजनको लागि हालको पदको सेवा अवधिको गणना देहाय बमोजिम गरिने छ ।

(क) संघीय निजामति सेवाबाट तह वृद्धि सहित समायोजन भै आएका कर्मचारीहरुको स्थानीय तहमा हाजिर भएको मितिदेखिको सेवा अवधि,

(ख) संघीय निजामति सेवाबाट ग्रेड वृद्धि सहित समायोजन भै आएका कर्मचारीहरुको उक्त पदको नियुक्ति मितिदेखिको सेवा अवधि,

(ग) संघीय लोक सेवा आयोगले स्थानीय तहको लागि भनी पदपूर्ति गरेका र हाल सरुवा भै म्याग्दे गाउँपालिकामा आएका कर्मचारीहरुले नियुक्ति भएको मितिदेखिको अवधि,

(घ) गाउँपालिकामा कार्यरत रहेका अन्य कर्मचारी को हकमा तोकीय बमोजिम हुनेछ ।

## परिच्छेद ५
## कर्मचारीको सेवाका शर्तहरु सम्बन्धी

१३. **बिदा, काज लगायतका सुविधा सम्बन्धी**: (१) संघीय निजामति सेवाबाट समायोजन भै आएका कर्मचारीले पाउने बिदा तथा काज सम्बन्धी व्यवस्था संघीय निजामति सेवा ऐन बमोजिम हुनेछ ।

(२) स्थानीय तहको लागि भनी संघीय लोक सेवा आयोगले पदपूर्ति गरी, अन्य स्थानीय तहबाट सरुवा भै आएका कर्मचारीले पाउने बिदा, काज जस्ता सुविधा यस गाउँपालिकाका स्थायी कर्मचारीले पाए सरह हुनेछ ।

(३) गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीले पाउने बिदा, काज जस्ता सुविधा संघीय निजामति सेवा ऐनमा तोकिए बमोजिम हुनेछ ।

(४) गाउँपालिकामा कार्यरत करार, सेवा करार तथा ज्यालादारी कर्मचारीले पाउने बिदा, काज जस्ता सुविधा संघीय सेवा करार सम्बन्धी निर्देशिका बमोजिम गरिने करार सम्झौता तथा नियुक्ति पत्रमा उल्लेख गरे बमोजिम हुनेछ ।

१४. **स्थानीय सेवाका कर्मचारीहरुलाई दिइने सजाय सम्बन्धी** : (१) संघीय निजामति सेवाबाट समायोजन भै आएका कर्मचारीलाई दिइने सजाय सम्बन्धी व्यवस्था र त्यसको आधार संघीय निजामति सेवा ऐन बमोजिम हुनेछ ।

(२) स्थानीय तहको लागि भनी संघीय लोक सेवा आयोगले पदपूर्ति गरी, अन्य स्थानीय तहबाट सरुवा भै आएका कर्मचारीलाई दिइने सजाय सम्बन्धी व्यवस्था र त्यसको आधार संघीय निजामति सेवा ऐन बमोजिम हुनेछ

(३) गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीलाई दिइने सजाय सम्बन्धी व्यवस्था र त्यसको आधार संघीय निजामति सेवा ऐन बमोजिम हुनेछ ।



CamScanner

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीलाई विभागीय सजाय दिनु पर्ने छानविनबाट देखिएमा निजको म्याद थप गरिने छैन ।

१५. **स्थानीय सेवामा कार्यरत कर्मचारीको समय पालना र आचरण सम्बन्धी व्यवस्था**: (१) गाउँपालिकामा कार्यरत कर्मचारीको समय पालना सम्बन्धी प्रबन्ध तथा आचरण सम्बन्धी व्यवस्था संघीय र प्रादेशिक कानुन बमोजिम हुनेछ ।

१६. **स्थानीय सेवामा कार्यरत कर्मचारीको अवकाश सम्बन्धी व्यवस्था**: (१) यस ऐनमा अन्यथा व्यवस्था भएको बाहेक गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी ५८ वर्ष पुगेपछि अनिवार्य अवकाश हुनेछ । यस्तो कर्मचारीलाई अवकाश हुनुभन्दा ६ महिना पूर्व नै कार्यालयले सोको जनाउ पत्र दिनेछ ।

१७. **स्वास्थ्य सेवा तर्फका कर्मचारी सम्बन्धी व्यवस्था**: (१) गाउपालीका मा कार्यरत स्वास्थ्य सेवा तर्फका स्थाई कर्मचारीहरुको सेवा को शर्त संघिय तथा प्रादेशिक कानुन बमोजिम हुनेछ ।

(२) अन्य स्थानिय तहको दरवन्दीमा स्थाई नियुक्ती भई यस गाउपालीकामा सरुवा भई आएका स्वास्थ्य सेवा सेवा तर्फका कर्मचारीहरुको सेवा को शर्त संघिय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

१८. **दरबन्दीको अभिलेख तथा दायित्व व्यवस्थापन**: (१) यस ऐन बमोजिम कर्मचारीहरु स्थायी तथा समायोजन भई सकेपछिको त्यसको अभिलेख गाउँपालिकाको कर्मचारी प्रशासन शाखाले राख्नेछ ।

(२) यस ऐन बमोजिम स्थायी तथा समायोजन भएका कर्मचारीहरुको विवरण संघ तथा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम कर्मचारी स्थायी तथा समायोजन भएको कारणले उत्पन्न हुने आर्थिक दायित्व सम्बन्धी प्रस्ताव ऐनका दफाहरु कार्यान्वयन भए पछि बस्ने गाउँ सभामा पेश गर्नु पर्नेछ ।

१९. **यसै ऐन बमोजिम हुने**: (१) संघीय निजामति सेवाबाट स्थानीय सेवामा समायोजन भई आएका कर्मचारी तथा स्थानीय तहको लागि संघीय लोक सेवा आयोगले गरेको पदपूर्ति प्रकृयामा सफल भई अन्य स्थानीय तहबाट सरुवा भई आएका कर्मचारी एवं स्थानीय सेवाको स्थायी पदमा कार्यरत कर्मचारीहरुको बिदा, काज, आचरण सम्बन्धी प्रबन्ध, विभागीय सजाय दिने व्यवस्था जस्ता प्रावधान यसै ऐन, संघिय र प्रादेशिक कानुन बमोजिम हुनेछ ।

२०. **आवश्यक व्यवस्था मिलाउने**: (१) यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले आदेश पत्र जारी गरी त्यसको समाधान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशित गरिने छ ।

२१. **नियम तथा कार्यविधि बनाउने अधिकार**: यो ऐन कार्यान्वयन गर्नका लागि गाउँपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।



CamScanner

अनुसूची १
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
<u>समायोजन पत्र</u>

मिति:

पत्र संख्या:
चलानी नं.:

श्री ..........................................
..............................................

**विषयः समायोजन सम्वन्धमा ।**

श्री ..............................,
म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, छाङ्ग, तनहुँ।

म्याग्दे गाउँपालिका कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८ को दफा ४ (४) बमोजिम यस कार्यालयको मिति ...................... को निर्णय अनुसार ........................देखि नै जेष्ठता कायम हुने गरी तँपाईलाई देहाय बमोजिमको तहमा तह वृद्धि गरी समायोजन गरिएको छ ।

तह वृद्धि भई समायोजन हुनु भएकोमा हार्दिक बधाई छ ।

| हाल कार्यरत तहको विवरण | तह वृद्धि भई समायोजन भएको विवरण |
|---|---|
| सेवा:<br>समूह/उपसमूह:<br>पद:<br>तह: | सेवा:<br>समूह/उपसमूह:<br>पद:<br>तह: |

......................................
प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थ:</u>
१. श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
२. श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
३. श्री कर्मचारि संचय कोष, ठमेल, काठमाण्डौ ।
४. श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
५. श्री आर्थीक प्रशासन शाखा, म्याग्दे गाउँपालिका, तनहुँ ।



CamScanner

अनुसूची २
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
**ग्रेड वृद्धि पत्र**

पत्र संख्याः
चलानी नं.:

मितिः

श्री ..........................................
..............................................

**विषयः ग्रेड वृद्धि गरिएको सम्वन्धमा ।**

श्री ..............................,
म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, छाङ्ग, तनहुँ।

म्याग्दे गाउँपालिका कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८ को दफा ४ (४) बमोजिम यस कार्यालयको मिति ...................... को निर्णय अनुसारे .....................देखि कायम हुने गरी तँपाईलाई दुई ग्रेड वृद्धि गरी समायोजन गरिएको छ ।

ग्रेड वृद्धि भएकोमा बधाई छ ।

.....................................
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
१ श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
२ श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
३ श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौ ।
४ श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
५ श्री आर्थीक प्रशासन शाखा, म्याग्दे गाउँपालिका, तनहुँ ।